# सांग्रिला डेभलपमेन्ट बैंक लि.
## Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था)


152699

च.न.सा.डे.बैं.लि/के.०१/२०८२-८३/४९२

मिति: २०८२।०९।०८

श्री नेपाल स्टक एक्सचेन्ज लि.
युनआई, शान्तिमार्ग, भद्रकाली, काठमाडौं ।

**विषय: वार्षिक साधारण सभाको निर्णयको जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस डेभलपमेन्ट बैंकको मिति २०८२।०९।०७ गते सम्पन्न २१ औ वार्षिक साधारण सभाबाट देहाय अनुसारका साधारण तथा विशेष प्रस्ताव पारित भएको व्यहोरा तहाँको जानकारीका लागि अनुरोध छ । साथै, वार्षिक साधारण सभाको निर्णय माइन्यूट तयार भए पश्चात उक्त माइन्यूट विवरण समेत तोकिएको मिति भित्र तहाँ पठाइने व्यहोरा समेत अनुरोध छ ।

**क) साधारण प्रस्ताव :**

(१) अध्यक्षज्यूको मन्तव्य सहित आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने बारे प्रस्ताव पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको मिति २०८२ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०८१/०८२ को नाफा नोक्सान हिसाव, अन्य विस्तृत विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन लगायत सम्पूर्ण वित्तीय विवरणहरू छलफल गरी पारित गर्ने ।

(३) आर्थिक वर्ष २०८२/०८३ को लागि डेभलपमेन्ट बैंकको लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा । (हाल वहालवाला लेखापरीक्षक श्री डि. एस. एण्ड एसोसिएटस, चार्टर्ड एकाउण्टेन्टस् लाई आ.व. ०८२/०८३ को लागि लेखापरिक्षकमा नियुक्त गर्ने निर्णय भएको)

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम डेभलपमेन्ट बैंकको हाल कायम चुक्ता पूंजी ३,५५,६२,५५,७१०.५५/- को ५.३५८३ प्रतिशत नगद लाभांश अर्थात रु.१९,०५,५३,६२६.३० (अक्षेरुपी उन्नाईस करोड पाँच लाख त्रीपन्न हजार छ सय छब्बीस र पैसा तीस मात्र) (वोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**ख) विशेष प्रस्ताव :**

१) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम हाल कायम चुक्ता पूंजी रु ३,५५६,२५५,७१०.५५/- (अक्षेरुपी तीन अर्व पचपन्न करोड वयसट्ठी लाख पचपन्न हजार सात सय उन्नाइस र पैसा पचपन्न मात्र) को ५ प्रतिशत अर्थात रकम रु.१७,७८,१२,७८५.९८ (अक्षेरुपी सत्र करोड अठहत्तर लाख बाह्र हजार सातसय पचासी र पैसा अन्ठानब्बे मात्र) को वोनस शेयर जारी गर्ने सम्वन्धी प्रस्ताव पारित गर्ने ।

२) डेभलपमेन्ट बैंकको हाल कायम जारी तथा चुक्ता पूंजी रु ३,५५६,२५५,७१९.५५/-(अक्षेरुपी तीन अर्ब पचपन्न करोड वयसट्ठी लाख पचपन्न हजार सात सय उन्नाइस र पैसा पचपन्न मात्र) रहेकोमा वोनस


P.O.Box: 20200, KMC-4, Baluwatar, Kathmandu, Nepal
Tel: 01-4521861, 4521862, Fax: 01-4521766, Email : info@shangrilabank.com, URL: www.shangrilabank.com

शेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रु ३,७३,४०,६८,५०५.५३/-(अक्षेरुपी तीन अर्ब त्रीहत्तर करोड चालीस लाख अठसट्ठी हजार पाँच सय पाँच र पैसा त्रीपन्न मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने ।

३) संचालकहरुलाई प्रदान गरिने बैठक भत्ता तथा टेलिफोन, पत्रपत्रिका र इन्टरनेट खर्च वापत प्रदान गर्ने रकम वृद्धि गर्ने सम्वन्धि प्रस्ताव पारित गर्ने ।

४) विशेष प्रस्ताव नं. (१), (२) र (३) पारित भए बमोजिम हुने गरी डेभलपमेन्ट बैंकको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

५) डेभलपमेन्ट बैंकको प्रवन्धपत्र तथा नियमावलीमा भएका संशोधनको स्वीकृति लिने क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायबाट फेरबदल, परिमार्जन, थपघट तथा संशोधन गर्नको लागि निर्देशन प्राप्त भएमा सो कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धी प्रस्ताव पारित गर्ने ।

६) यस सांग्रिला डेभलपमेन्ट बैंक र अन्य ईजाजतपत्र प्राप्त उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले अन्य बैंक तथा वित्तीय संस्था (हरु) प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) खोजी गर्न, उपयुक्त लागेको बैंक तथा वित्तीय संस्थासँग मर्जर तथा एक्विजिसन सम्बन्धी सहमतिपत्र (Memorandum of Understanding) तयार गरी हस्ताक्षर गर्न, सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन (Due Diligence Audit) गराउने, तथा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा नियमनकारी निकायहरुसँग सहमति लिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने सम्बन्धी कार्यको लागि प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण प्रकृया अवलम्वन गरी एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धी प्रस्ताव पारित गर्ने ।

ग) विविध- कुनै प्रस्ताव नरहेको ।

Shangri-la Development Bank Ltd. Kathmandu, Nepal

भवदीय,

सुजनवावु अधिकारी
कम्पनी सचिव

**बोधार्थ,**

१) नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर

२) सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।